# इटहरी उपमहानगरपालिका
# स्थानीय राजपत्र


इटहरी उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्ड ३, संख्या ५, बैशाख ५ गते, २०८० साल


## भाग-१

## इटहरी उपमहानगरपालिकाको सूचना

### इटहरी उपमहानगरपालिकाका केही ऐन संशोधन गर्ने ऐन, २०७९

**नगर सभाबाट स्वीकृत मितिः २०७९।११।२७**

प्रस्तावना: प्रचलित इटहरी उपमहानगरपालिकाका केही ऐनमा समसामयिक सुधार गर्न केही ऐनलाई संशोधन गर्न वाञ्छिनीय भएकाले , इटहरी उपमहानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त, नाम र प्रारम्भः** (१) यस ऐनको नाम "इटहरी उपमहानगरपालिकाका केही ऐन संशोधन गर्ने ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. स्वास्थ्य सेवाको सम्बन्धमा बनेको ऐन, २०७७ मा संशोधन :** स्वास्थ्य सेवाको सम्बन्धमा बनेको ऐन, २०७७ को,-

(१) दफा ३ को:-

(क) खण्ड (घ) मा रहेको "सभापति" भन्ने शब्दको सट्टा "प्रतिनिधि" भन्ने शब्द राखिएको छ ।

(ख) खण्ड (ग) मा "स्वास्थ्य चौकी भएका वडाका वडा अध्यक्षहरु - पदेन सदस्य" व्यवस्था राखि संशोधन गरिएकोछ ।

(ग) खण्ड (ङ) मा रहेको व्यवस्थाको सट्टा "कार्यपालिकाले तोकेको १ महिला सहित २ जना - सदस्य" राखि संशोधन गरिएकोछ ।

(घ) खण्ड (ग), (घ), (ङ) र (च) लाई क्रमश् खण्ड (घ), (ङ), (च) र (छ) मा रहने गरि संशोधन गरिएकोछ ।

(ङ) खण्ड (ज) मा भएको व्यवस्था हटाई खण्ड (ज) मा खण्ड (छ) को व्यवस्था राखिएकोछ ।

(च) खण्ड (झ) मा "इटहरी अस्पतालको प्रमुख-सदस्य" भन्ने व्यवस्था मात्र राखी संशोधन गरिएकोछ ।

(छ) खण्ड (ञ) मा "नगर स्वास्थ्य विकास समितिको संयोजकले तोकेको १ जना सदस्य" भन्ने व्यवस्था थप गरिएको ।

(२) दफा ४ लाई हटाइएकोछ ।

(३) दफा ५ कोः-

(क) खण्ड (क) लाई हटाइएकोछ ।

(ख) खण्ड (घ) मा "आधारभूत स्वास्थ्य केन्द्र" थप गरिएकोछ ।

(ग) खण्ड (ञ) लाई हटाइएकोछ ।

(४) दफा १० को उपदफा (५) भएको " स्वीकृत दिन सकिने भए नसक्नुको कारण" भन्ने वाक्याशंलाई " स्वीकृत दिन नसकिने भए नसक्नुको कारण" भनि सच्याइएको छ ।

**(२) सहकारी ऐन, २०७५ मा संशोधनः** सहकारी ऐन, २०७५ को तपशिल बमोजिमका दफा/उपदफाहरुमा भएको व्यवस्थाको सट्टा देहाय बमोजिमको व्यवस्था हुने गरि संशोधन गरिएको छ । सहकारी ऐन २०७५ को -

(१) **दफा २ कोः-**

(क) खण्ड (ड) मा भएको "दफा ३७" को सट्टा "दफा ३८" राखी संशोधन गरिएको छ ।

(ख) खण्ड (ढ) मा भएको "सम्बन्धित सहकारी संस्थाको दफा १७ बमोजिम बनाएको " भन्ने वाक्यांशको सट्टा "सम्बन्धित सहकारी संस्थाले ऐनको दफा १८ बमोजिम बनाएको" भन्ने वाक्यांशं राखी सच्याइएको छ ।

(ग) खण्ड (थ) मा भएको "सञ्चालक भन्नले समितिको सदस्यलाई सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई सम्झनु पर्छ र सो सञ्चालक

सदस्य समेत सम्झनु पर्दछ र सो शब्दले लेखा समितिलाई समेत सम्झनु पछ ” भन्ने वाक्यांशको सट्टा “सञ्चालक भन्नाले समितिको सदस्यलाई सम्झनु पर्छ सो शब्दले समितिका पदाधिकारीलाई समेत जनाउँछ” भन्ने वाक्याशं राखी संशोधन गरिएको छ ।

(घ) खण्ड (ध) मा भएको “दफा ३० को उपदफा १ ” को सट्टा “दफा ३१ को उपदफा १” राखी संशोधन गरिएको छ ।

(२) **दफा ३ को:-**

(क) उपदफा २ को खण्ड (क) मा रहेको “सहकारी सम्बन्धी आवश्यक नीति तथा कार्यक्रम बनाउने ” भन्ने वाक्याशं को सट्टा “सहकारी सम्बन्धि आवश्यक नीति तथा कार्यक्रम बनाउन सहकारी शाखालाई आवश्यक निर्देशन दिने ” भन्ने वाक्याशं राखी संशोधन गरिएको छ ।

(ख) उपदफा २ को खण्ड (ख) मा रहेको “सहकारीको साधारणसभामा जटिलता उत्पन्न भएमा आवश्यक निर्णय गर्ने ” भन्ने वाक्याशं को सट्टा “सहकारीको साधारण सभामा जटिलता उत्पन्न भएमा आवश्यक सहजीकरण गर्ने गराउने ।” भन्ने वाक्याशं राखी संशोधन गरिएको छ ।

(ग) उपदफा २ को खण्ड (ङ) मा रहेको “सहकारी संस्था सम्बन्धि प्रत्येक बर्ष बार्षिक नीति तर्जुमा गर्ने तथा समीक्षा गर्ने” भन्ने वाक्याशं को सट्टा “सहकारी सम्बन्धि वार्षिक निति तथा कार्यक्रमको तर्जुमा र प्रत्येक बर्ष बार्षिक  समीक्षा गर्ने” भन्ने वाक्याशं राखी संशोधन गरिएको छ ।

(घ) उपदफा २ को खण्ड (छ) मा रहेको “ यस ऐन र प्रचलित कानुन बमोजिम सहकारी संस्थाको खारेजी गर्ने ,सजाय गर्ने , क्षतिपुर्ति भराउने र आवश्यक परे संस्थाहरुको पुर्नगठन गर्ने ,एकिकृत गर्ने असुल उपर गर्ने गराउने” भन्ने वाक्याशं को सट्टा “ यस ऐन र प्रचलित कानुन बमोजिम सहकारी संस्थाको खारेजी गर्न ,सजाय गर्न , क्षतिपुर्ति भराउन र आवश्यक परे संस्थाहरुको पुनर्गठन गर्न , एकिकृत गर्न असुल उपर गर्न गराउन आवश्यक निर्देशन दिने ” भन्ने वाक्याशं राखी संशोधन गरिएको छ ।

(ङ) खण्ड (ज) थप गरी “ इटहरी उपमहानगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका जुनसुकै तहको नियमन क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको आवश्यक अनुगमन गरी निर्देशन दिन सक्ने” भन्ने वाक्याशं थप गरिएको ।

(३) **दफा ७ को:-**

(क) उपदफा ३ मा रहेको “ तर यो ऐन प्रारम्भ भएको मितिले छ महिना भित्र संस्थाको विनियम, दर्ता प्रमाण-पत्र र अघिल्लो आ.ब.को लेखापरिक्षण प्रतिवेदन कार्यालयमा बुझाई सस्थाको सूचिकृत गर्नु पर्नेछ। सुचिकृत सम्बन्धी अन्य प्रकृया समितिले तोके बमोजिम हुनेछ ” भन्ने वाक्याशं को सट्टा “यस्ता सहकारी संस्थाहरुले कार्यालयको निर्देशन बमोजिम संस्थाको विनियम, दर्ता प्रमाण-पत्र र अघिल्लो आ.ब.को लेखापरिक्षण प्रतिवेदन कार्यालयमा बुझाई संस्था सूचिकृत गर्नु पर्नेछ ” भन्ने वाक्याशं राखी संशोधन गरिएको छ ।

(ख) उपदफा ४ मा रहेको “ तर यस विषयको सूचना ऐन प्रारम्भ भएको मितिले एक महिना भित्र सार्वजनिक गर्नुपर्नेछ ” भन्ने वाक्याशं हटाइएको छ ।

(४) दफा ९ को उपदफा ३ मा रहेको " तर पचास प्रतिसत भन्दा बढी अचल सम्पत्ति विक्रि गर्दा समितिको अनुमति र त्यसरी अनुमति माग्ने संस्थाले अचल सम्पत्ति विक्रि गर्नुको कारण बुझी एक महिनभित्र अनुमति दिनेछ " वाक्याशं को सट्टा " तर जुनसुकै श्रोतबाट प्राप्त भएको भएतापनि पचास प्रतिशत भन्दा वढी अचल सम्पत्ति विक्रि गर्दा नगर सहकारी समितिको स्वीकृति लिनु पर्नेछ । त्यसरी संस्थासंग अचल सम्पत्ति विक्रि गर्नुको कारण बुझी एक महिनाभित्र अनुमति दिनेछ ।" भन्ने वाक्याशं राखी संशोधन गरिएको छ ।

(५) दफा १२ को उपदफा १को खण्ड (ङ) मा रहेको "लघुउद्यम संस्थाः स साना लघु उद्यमहरु संचालन गर्ने बहुमुखी संस्था " लाई संसोधन गरि " वित्तिय संस्थाः बचत तथा ऋणको कारोवार गर्ने संस्था वा त्यस्ता संस्थाको हित प्रवर्द्धनका लागि गठन भएको संस्थाहरु " बनाईएको छ ।

(६) दफा १३ उपदफा ३ रहेको "उपदफा ३ बमोजिम" भन्ने वाक्याशंलाई संसोधन गरि " उपदफा २ बमोजिम " बनाईएको छ ।

(७) दफा १७ को खण्ड (ञ) मा रहेको "संस्थाको हैसियत र क्षमता अनुसार नगरपालिकाले तोकेको क्षेत्रमा सामाजिक कार्य गर्ने ।" वाक्याशं को सट्टा " संस्थाको हैसियत र क्षमता अनुसार नगर सहकारी समितिले तोकेको क्षेत्रमा सामाजिक कार्य गर्न सहकार्य गर्ने" भन्ने वाक्याशं राखी संशोधन गरिएको छ ।

(८) दफा २० को उपदफा २ मा विनियम पछि रहेको " वा आन्तरिक कार्यविधि " भन्ने वाक्याशंलाई हटाईएको छ ।

(९) दफा २३ उपदफा ३ रहेको " कालो सूचिमा परेको व्यक्ति दुई बर्ष सम्म अर्को सहकारीको सदस्य बन्न पाउने छैन " भन्ने वाक्याशंलाई संसोधन गरि " कालो सूचिमा परेको व्यक्ति दुई बर्ष सम्म सोही वा अर्को सहकारी संस्थाको सदस्य बन्न पाउने छैन । " बनाईएको छ ।

(१०) दफा २४ उपदफा १ को खण्ड (घ) मा रहेको "दफा २० बमोजिम" भन्ने वाक्याशंलाई संसोधन गरि " दफा २१ बमोजिम " बनाईएको छ ।

(११) दफा २५ मा रहेको " सुविधा प्राप्तै गर्न नसक्ने" भन्ने वाक्याशंलाई संसोधन गरि " सुविधा प्राप्त गर्न नसक्ने " बनाईएको छ ।

(१२) **दफा ३० को:**

(क) उपदफा ५ लाई हटाईएको छ ।

(ख) उपदफा ६ मा रहेको " निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ " भन्ने वाक्याशं को सट्टा " निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउने छ " भन्ने वाक्याशं राखी संशोधन गरिएको छ ।

(१३) दफा ३५ को उपदफा १ को खण्ड (च) मा रहेको " कुनै सञ्चालकमा यो ऐन यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा " भन्ने वाक्याशं को सट्टा " कुनै सञ्चालकमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा " भन्ने वाक्याशं राखी संशोधन गरिएको छ ।

(१४) दफा ३८ को उफदफा १ मा थप गरि " तर एउटै व्यक्ति लगातार एउटै पदमा दुइ पटक भन्दा वढि पदाधिकारी हुन पाउने छैन। यसमा प्रारम्भिक अवस्थालाई गणना गरिने छैन "भन्ने वाक्याशं थप गरिएको।

(१५) दफा ४२ मा रहेको " तिस लाख सम्म हुनेछ " भन्ने वाक्याशंलाई संसोधन गरि " संघिय ऐनले तोके बमोजिम हुनेछ " बनाईएको छ।

(१६) दफा ५० मा रहेको "संस्थाले सहकारी ब्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ४७ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२)को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शुन्य दशमलव पाँच प्रतिसतले हुन आउने रकम यस ऐन बमोजिम एक छुट्टै कोष रहनेछ।सो कोषको सञ्चालन समितिको निर्णय बमोजिम कार्यपालिकाले तोकेको छुट्टै बेंक खातामा जम्मा गरी त्यस्तो रकम सहकारी संस्थाको नियमन र प्रवर्द्धनका लागि खर्च गरिने छ।त्यस्तो कोषको लागि नगर सभाबाट पारित विनियोजन ऐन बमोजिम विनियोजित रकम समेत कोषमा जममा गरिनेछ" भन्ने वाक्याशंलाई संसोधन गरि " संस्थाले सहकारी ब्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ४८ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२)को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शुन्य दशमलव पाँच प्रतिसतले हुन आउने रकम संघिय ऐन बमोजिम सहकारी प्रवर्द्धन कोषमा जम्मा गर्नुपर्नेछ" बनाईएको छ।

(१७) दफा ५१ को उपदफा १ मा रहेको " दफा ४७ " भन्ने वाक्याशंलाई हटाईएको छ।

(१८) दफा ५५ को उपदफा ३ मा रहेको " उपदफा २ बमोजिम लेखा परिक्षण गराउदा लेखापरिक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्वन्धित सस्थाले व्यहोर्ने छ। लेखा परिक्षण गर्ने लेखा परिक्षकले पाउने पारिश्रमिकको दश प्रतिशत जरिवाना समेत गरि जरिवाना रकम नगर कार्यपालिकाको संचित कोषमा दाखिला गर्नु पर्नेछ " को सट्टा " उपदफा १ वा २ बमोजिम लेखापरिक्षण गराउँदा लेखापरिक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्वन्धित संस्थाले व्यहोर्नु पर्ने छ साथै उपदफा (१) वमोजिमको अवधिभित्र नियुक्ति पाएको लेखा परिक्षकले तोकिएको समय भन्दा विलम्व गरि लेखापरिक्षण कार्य गरेमा निजले पाउने पारिश्रमिकवाट १० प्रतिशत जरिवाना कट्टा गरी नगर सञ्चित कोषमा दाखिला गर्नुपर्ने छ। " राखि सच्याईएको छ।

(१९) दफा ५९ मा उपदफा ३ थप गरि " उपदफा १ र २ का अतिरिक्त सहकारी संस्थाहरुले पाउने छुट, सुविधा र सहुलियत सम्बन्धि व्यवस्था संघिय सहकारी ऐन तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ " भन्ने व्यवस्था राखिएको छ।

(२०) दफा ६० को उपदफा १ मा रहेको " ऋणीले साँवा ब्याज दुबै भुक्तानी गरी धितो वापतको सम्पत्ति फिर्ता लिन चाहेमा संस्थाले सकारे पश्चातको एक बर्षभित्र फिर्ता गर्नुपर्नेछ " भन्ने व्यवस्थाको सट्टा " ऋणीले साँवा ब्याज र हर्जना भुक्तानी गरी धितो वापतको सम्पत्ति फिर्ता लिन चाहेमा संस्थाले सकारे पश्चातको छ महिना भित्र फिर्ता गर्नुपर्नेछ " राखि संसोधन गरिएको छ

(२१) दफा ६३ मा भएको व्यवस्थालाई उपदफा १ बनाईएको छ र उपदफा २ थप गरि "कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा नगर कार्यपालिकाको निर्णय बमोजिम

त्यस्तो व्यक्तिलाई कार्यालयबाट प्रदान गर्ने पञ्जिकरण बाहेकका अन्य सेवा तथा ऋणी वा निजको एका घरपरिवारका सदस्यको नाममा रहेको चलअचल सम्पति तथा वैक खाता समेत रोक्का गर्न सम्वन्धित महाशाखा,शाखा , वडा कार्यालयहरु वा सम्वन्धित निकाय लाई दर्ता गर्ने अधिकारीले पत्राचार गर्न सक्नेछ" भन्ने व्यवस्था थप गरिएको छ ।

(२२) दफा ६४ को उपदफा १ मा रहेको "दफा ५९ र ६१ " को सट्टा क्रमशः "दफा ६० र ६३" बनाई सच्याईएको छ ।

(२३) दफा ६८ को उपदफा ३ मा रहेको "देहायको प्रस्तावमा नगर कार्यपालिकाले स्वीकृति गर्नेछ" भन्ने वाक्याशंको सट्टा "देहायको प्रस्तावमा नगर सहकारी समितिले स्वीकृति गर्नेछ" भन्ने वाक्याशं राखि संशोधन गरिएको छ ।

(२४) दफा ६८ को उपदफा ५ मा रहेको "त्यस्तो संस्था विघटन भएको मानिनेछ" भन्ने वाक्याशंको सट्टा "त्यस्तो संस्थालाई लिक्वीडेसन गर्नु पर्नेछ" भन्ने वाक्याशं राखि संशोधन गरिएको छ ।

(२५) दफा ८२ को उपदफा ३ मा रहेको "उपदफा एक बमोजिमको अपराध गरेको पाइएमा दर्ता गर्ने अधिकारीले आवश्यक कारवाहीको लागि संघीय कानून बमोजिमको निकायमा लेखी पठाउन सक्नेछ" भन्ने वाक्याशंलाई संशोधन गरि " उपदफा (१) बमोजिमको अपराध गरेको पाइएमा नगर सहकारी समितिको निर्णय बमोजिम त्यस्तो संस्थाको सञ्चालक समिति, लेखा समिति, उपसमिति र कर्मचारीलाई कार्यालयबाट प्रदान गरिने पञ्जिकरण बाहेकका अन्य सेवा तथा निज वा निजको एका घरपरिवारका सदस्यको नाममा रहेको चलअचल सम्पति तथा वैक खाता समेत रोक्का गर्न सम्वन्धित महाशाखा, शाखा ,वडा कार्यालय वा सम्वन्धित निकायलाई दर्ता गर्ने अधिकारीले पत्राचार गर्न सक्नेछ साथै थप कारबाहीका लागि संघीय कानुन बमोजिमको निकायमा लेखी पठाउन सक्नेछ" भन्ने बनाइएको छ ।

(२६) दफा ८३ को उपदफा २ मा रहेको दर्ता गर्ने अधिकारीले भन्ने वाक्याशंको अगाडी रहेको " देहायको कुनै कार्य गरेको" भन्ने वाक्याशंको सट्टा "देहायको कुनै कार्य गरेमा /गरेको पाईएमा" भन्ने वाक्याशं राखि सच्याईएको छ ।

(२७) दफा ८३ को उपदफा २ को खण्ड (घ) मा रहेको " दफा ६ " को सट्टा " दफा ७" राखि संशोधन गरिएको छ ।

मितिः २०८०।१२।०५

आज्ञाले,

रामचरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत